# सुनकोशी गाउँपालिकाको बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः**

यस सुनकोशी गाउँपालिका भित्र उत्पादन हुने बोधिचित्त मालाको बिक्रि उत्पादन परिमाणको आधारमा नभै धार्मिक मूल्य एवं श्विसलाई मापन बनाइ सोको आधारमा हुने गरेको र एकै प्रकृतिको उत्पादनमा फरक फरक मूल्य निर्धारण हुने र थोरै मालवस्तुको अनपेक्षीत मूल्य प्राप्त हुनाले विभिन्न अपराधिक कृयाकलाप समेत हुने देखिएको र मालवस्तुको वास्तविक धनी भनी फरक फरक व्यक्तिहरुले एउटै बोटको मालालाई फरक फरक व्यक्ति संग सम्झौता गरी वारम्बार द्वन्द्व हुने विषयलाई न्यूनिकरण गरी यसलाई व्यवस्थित बनाउन बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८० निर्माण गर्न वान्छनीय भएकोले,

सुनकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाले बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८० बनाएको छ ।

## परिच्छेद-१ (एक)

**१. संक्षिप्त नाम र प्रारंम्भः**

क) यो कार्यविधिको नाम **"बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८०"** रहनेछ ।

ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

**२. परिभाषाः**

क) "कार्यविधि" भन्नाले बोधिचित्त माला संरक्षंण तथा व्यवस्थापन कार्यविधि, २०८० लाई बुझाउँनेछ ।

ख) "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिकालाई बुझाउँनेछ ।

ग) "स्थानीय तह" भन्नाले सुनकोशी गाउँपालिका बुझाउँनेछ ।

घ) "वडा कार्यालय" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२ (दुई)

**३. बोधिचित्त माला संरक्षण तथा व्यवस्थापनसम्बन्धी व्यवस्था**

**३.१** आधिकारिक सम्झौता गरेर मात्र बोधिचित्त मालाको खरिद विक्रि गर्नुपर्नेः

**३.१.१** गाउँपालिका क्षेत्रभित्र बोधिचित्त मालाको उत्पादन गरी खरीद बिक्रि गर्न चाहने व्यक्ति वा संस्थाले आफूले खरिद बिक्रि गर्नु पूर्व उत्पादन सामानको वास्तविक धनी, उत्पादन स्थल, बिक्रि गरिने परिमाण र किन्ने व्यक्ति वा संस्थाको ठेगाना र मूल्य खुलेको विवरण सहित क्रेतासँगको सम्झौता वडाध्यक्ष वा निजले तोकेको आधिकारीक प्रतिनिधिको रोहवरमा मात्र अनुसूचि-२ बमोजिम गर्नुपर्नेछ ।

**३.१.२** बुँदा ३ को १ बमोजिम भएको सम्झौता को प्रतिलिपि वडा कार्यालयले ३ दिनभित्र गाउँपालिकामा सूचिकृत गर्नुपर्नेछ र यसरी सबै वडाबाट प्राप्त भएका अनुसूचि को विवरण एकिकृत गरी मासिक रुपमा गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय पठाउनु पर्नेछ ।

**३.१.३** बोधिचित्त मालाको खरिद बिक्रि गर्नुपूर्व गाउँपालिकाका अतिरिक्त प्रचलित कानून तोकिएको अन्य निकायबाट समेत अनुमति लिनुपर्ने दायित्व सम्बन्धित बोधिचित्त माला धनी तथा व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हुनेछ ।

**३.१.४** आफ्नो वडा क्षेत्रमा रहेको मालाको बोटको वडा कार्यालयले प्रत्येक वर्षको बैशाख मसान्त भित्र रेखाङ्कन गरी गाउँपालिकामा प्रतिवेदन गर्नुपर्नेछ छ र उक्त रेखाङ्कन अनुरुप सम्झौता भए नभएको वडा कार्यालयले अनुगमन गर्नु पर्नेछ ।

**३.१.५** यो अनुसूचि विपरित भएको सम्झौता मान्य हुने छैन ।

## परिच्छेद -३(तीन)

**४. बोधिचित्त माला खरिद बिक्रीको सम्झौताका लागि दरखास्त दिनेः**

**४.१** गाउँपालिका क्षेत्रभित्र बोधिचित्त माला खरिद बिक्रि गर्न चाहने व्यक्ति वा संस्थाले देहमयका विवरण तथा कागजात समेत संलग्न गरी वडा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(क)माला धनिको नेपाली नागरिकताको प्रतिलिपि

(ख)माला धनीको जग्गाको लालपुर्जाको प्रतिलिपि

(ग) जग्गा रहेको स्थानको नक्सा र नापीले उक्त जग्गामा नै बिरुवा रहेको एकिन गरेको पत्र

(घ) खरिद बिक्रि गर्न लागिएको बोटहरुको तुस्वीर

(ङ) क्रेताको नागरिकताको प्रतिलिपि

(च) क्रेताले व्यवसाय संचालन गर्न सम्वन्धीत निकायबाट लिएको अनुमति पत्र, कर दर्ता, स्थानी लेखा नम्बर र आर्थिक श्रोत खुल्ने विवरण

४.२ उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि वडा कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिमको ५ प्रतिशत सहजिकरण शुल्क लिई सम्झौता गर्न सहजीकरण गर्नेछ ।

४.३ उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उक्त जग्गाको स्वामीत्वमा विवाद भएका अंश बन्डा नभएसम्म सम्झौता नगरी रोक्का गर्नेछ र सार्वजनिक जग्गा रहेको ठहरीए उक्त जग्गामा फलेको फल टिप्न लगाइ गाउँपालिकाबाट सूचना प्रकाशन गरी बढाबढको माध्यमबाट बिक्रि वितरण गर्नेछ ।

४.४ उपदफा (३) बमोजिम बोधिचित्त माला को सम्झौता भएपछी वडा कार्यालयले अनुसूचि-३ बमोजिमको दर्ता किताकबमा उल्लेख गरी लगत कायम गर्नेछ ।

४.५ इलाका प्रहरीको पहलमा प्रहरीको घुम्ती शिविर संचालनमा प्राभमिकता दिइनेछ ।

## ५. सम्झौता कायम रहनेः

**५.१** बार्षिक रुपमा बोधिचित्त माला को बिक्रि वितरण शुरु पूर्व वडा कार्यालयको रोहवरमा सम्झौता गर्नुपर्ने छ । यसरी गरिएको सम्झौता एक वर्ष भन्दा बढी अवधिको हुने छैन ।

**५.२** अनुमति नलिइ बिक्रि वितरण गरेको एवं एउटा जग्गाको पुर्जा देखाइ अन्यत्रको बिक्रि वितरण गरेको तथा एउटाले खरिद सम्झौता गरेको अर्कोले बिक्रि गरेको पाएमा गाउँपालिकाले जुन सकै बखत कारबाहीका लागि सिफारिस गर्ने छ ।

**५.३** वडा कार्यालयले कुनै एक पक्षसंग सम्झौता भएपछि अर्को व्यक्ति वा संस्थसंग सम्झौता नहुने कुराको सुनिश्चितता गराउनु पर्नेछ ।

**५.४** सम्झौता भएपछि उक्त स्थलको सुरक्षा व्यवस्था मिलाउने दायित्व वडा कार्यालय एंव गाउँपालिकाको हुनेछ ।

**<u>अनुसूची -१</u>**

**दफा ३ को उपदफा १ संग सम्बन्धित**

**<u>बोधिचित्त माला खरिद/बिक्रिको लागि निवेदन</u>**

श्रीमान् वडाध्यक्ष ज्यू,

वडा नं. .........., सुनकोशी गाउँपालिका,

सिन्धुली ।

**विषयः <u>बोधिचित्त माला खरिद बिक्री सम्बन्धमा ।</u>**

मैले/हामीले निम्न स्थानमा खरिद बिक्रि गर्न लागेको बोधिचित्त मालाको कारोबारको लागि आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै यस सुनकोशी गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठिक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाहि भएमा मञ्जुर छु/छौं ।

१. **बोधिचित्त माला खरिद/बिक्रि कर्ताको नाम थरः** ..............................................
२. स्थायी ठेगानाः जिल्ला .................................. गा.पा. ..................................
   वडा नं................... घर नं. ...............
३. बाबुको नाम थरः ..............................................
४. सम्पर्क फोन नं. .................................... मो.नं. ....................................
५. पेशाः ...............................................................
६. बोधिचित्त मालाको बोट रहेको ठेगानाः वडा नं. ................ जग्गाको कित्ता नं. .............. बोट संख्या ............
७. आवश्यक कागजातहरुः
   क) नागरिकताको प्रतिलिपि

ख) कम्पनी फर्म भएमा इजाजत प्रमाण पत्र

ग) आन्तरिक राज्श्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको करदाताको प्रमाणपत्रको प्रतिलिपि

घ) जग्गा धनीको लाल पूर्जाको प्रतिलिपि

निवेदनको दस्तखतः

नाम थरः

मितिः

<u>अनुसूची-२</u>

**परिच्छेद-२ को बुँदा नं. १ संग सम्बन्धित**

**<u>सम्झौता पत्र</u>**

यस सुनकोशी गाउँपालिका वडा नं. ....... निबासी बोधिचित्त माला धनी श्री ......................... (प्रथम पक्ष भनिने) र .................................. गाउँपालिका/नगरपालिका निवासी क्रेता श्री .......................................... (द्वितिय पक्ष भनिने) बिच प्रथम पक्षको जग्गामा रहेको बोधिचित्त माला तपशिल बमोजिमको शर्तहरुमा खरिद/बिक्रि गर्न सहमत भई सुनकोशी गाउँपालिका वडा नं. ........ का वडाध्यक्ष/वडा अध्यक्षले तोकेको जनप्रतिनिधि श्री .................................. को रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौ/दियौं ।

शर्तहरुः

१. बोधिचित्तको माला फल उत्पादन स्थलबाट टिप्दा वा बिक्रि गर्दा वडा कार्यालयको वा गाउँपालिकाको रोहवरमा मात्र टिप्नु वा विक्रि वितरण गर्नु पर्नेछ ।

२. यो सम्झौता भएको ............... दिन/महिना भित्र प्रथम पक्षको बोधिचित्त माला द्वितिय पक्षले उत्पादन स्थलबाट लगि सक्नु पर्नेछ ।

३. प्रथम पक्षबाट द्वितिय पक्षलाई बिक्रि गरिसकेको माला उत्पादन स्थलबाट नै पुन अर्को तेस्रो पक्षलाई दोस्रो पक्षले पुनः बिक्रि गर्नु परेमा पुनः कार्यविधि बमोजिमको सम्झौता गरी फाईदा रकममा ५ प्रतिशत सहजिकरण शुल्क असुल हुनेछ । यदि त्यसो नगरिएको पाएमा गा.पा/वडा कार्यालयबाट उक्त बोधिचित्त मालालाई प्रशासनको सहयोगमा नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि सिफारिस गर्नेछ ।

४. करार सम्झौता बमोजिम बिक्रि भईसकेको बोधिचित्तको माला रहेको स्थलमा दुबै पक्षबाट कुनै पनि अवाच्छनिय कृयाकलाप गर्ने छैन । यदि कसैले गरेको पाएमा सोको जानकारी वडा कार्यालय/गाउँपालिका वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने कार्य दुबै पक्षको दायित्व हुनेछ ।अन्यथा आवश्यक सुरक्षाको प्रबन्ध गर्न निकाय बाध्य हुने छैन ।

५. आजको मितिबाट दुबै पक्ष यो करारनामालाई पालन गर्न मन्जुर भएको हुँदा यदि कुनै पक्षबाट सोको उल्लङ्घन भएमा कानून बमोजिम कारबाहि भोग्नको लागि दुबै पक्ष मन्जुर छौं ।

६. गाउँपालिकाले तोकेको सहजिकरण शुल्क र अन्य निकायले तोकेको शुल्क बिक्रि गर्ने पक्षले तिर्नुपर्नेछ ।

७. बोधिचित्त मालाको व्यवसाय सञ्चालन गर्नुपूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिनसपर्ने अवस्थामा सम्बन्धित निकायबाट समेत अनुमति लिनुपर्ने दायित्व बोधिचित्त माला धनी तथा व्यवसाय सञ्चालन गर्ने व्यक्ति दुवैको हुनेछ ।

८. प्रथम पक्षको देहायको ठेगाना रहेको बोधिचित्त माला रु. ........................
(अक्षेरुपि ..........................................................................................)
मा खरिद गर्न दोस्रो पक्ष सहमत हुनेछ ।

(क) सुनकोशी गाउँपालिका वडा नं. ....... साविक ........................ गाविसको कित्ता नं. ........ मा रहेको ............. बोटको अन्दाजी

(ख) सुनकोशी गाउँपालिका वडा नं. .......... साविक .............. गाविसको कित्ता नं. .............. मा रहेको ............... बोटको अन्दाजी

(ग) सुनकोशी गाउँपालिका वडा नं. .......... साविक .............. गाविसको कित्ता नं. .............. मा रहेको ............... बोटको अन्दाजी

ईति सम्बत २०८० साल ........... महिना .................... गते रोज ......... शुभम् ।

| **प्रथम पक्ष** | **रोहवर** | **द्वितिय पक्ष** |
|---|---|---|
| **हस्ताक्षरः** ................. | **हस्ताक्षरः** .................... | **हस्ताक्षरः** ................ |
| **नाम थरः श्री** .............. | **नाम थरः श्री** .............. | **नाम थरः श्री** ............ |
| **ठेगानाः** ...................... | **ठेगानाः** ...................... | **ठेगानाः** ................... |

अनुसूची-३

कार्यविधिको परिच्छेद-३ को बुँदा ४ संग सम्बन्धित

दर्ता किताव

| सि.नं. | माला धनीको नाम | क्रेताको नाम | माला रहेको स्थान | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२. | | | | | |
| १३. | | | | | |

आज्ञाले

अर्जुन दर्जी

प्रमुख प्रशासन अधिकृत